**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मूले आज नयाँ दिल्लीमा **'कृषि-खाद्य श्रृंखलामा महिलाहरुको भागीदारी'** माथि वैश्विक सम्मेलन 2026 को उद्घाटन गर्नुहुनेछ।

- प्रधानमंत्री नरेन्द्र मोदी यसै महिनाको 13 तारीख असमको गुवाहाटीबाट प्रधानमंत्री किसान सम्मान निधि योजनाको 22औं किस्ता जारी गर्नुहुनेछ।

- लोकसभामा आज वित्त मंत्री निर्मला सीतारामनले **विनियोग विधेयक, 2026** पेश गर्नुहुनेछ।

- संयुक्त राष्ट्र सुरक्षा परिषदले एक प्रस्ताव पारित गर्दै ईरानको तर्फबाट भइरहेको खाड़ी देशहरुमाथिको हमला तुरंत रोक्ने मांग गरेको छ।

- **भारतीय क्रिकेट कंट्रोल बोर्ड-बीसीसीआई**ले इंडियन प्रीमियर लीग- आईपीएल 2026 को पहिलो चरणको कार्यक्रम घोषित गरेको छ।

**राष्ट्रपति- कृषि एवं खाद्य सम्मेलन 2026**

राष्ट्रपति द्रौपदी मुर्मूले आज नयाँ दिल्लीमा **'कृषि-खाद्य श्रृंखलामा महिलाहरुको भागीदारी'** माथि वैश्विक सम्मेलन 2026 को उद्घाटन गर्नुहुनेछ। यस तीन दिवसीय सम्मेलनको विषय छ **'प्रगतिलाई गति दिनु, नयाँ ऊंचाइहरुलाई छुनु'।** यो आयोजन नयाँ दिल्लीको **भारतीय कृषि अनुसंधान परिषदमा** आयोजित गरिनेछ। केंद्रीय कृषि एवं किसान कल्याण मंत्री शिवराज सिंह चौहान पनि यस अवसरमा उपस्थित रहनु हुनेछ।

हिजो एक प्रेस कॉन्फ्रेंसलाई संबोधित गर्दै आईसीएआरका महानिदेशक डॉ. एम. एल. जाटले भन्नुभयो यो कार्यक्रम संयुक्त राष्ट्र द्वारा घोषित अंतर्राष्ट्रीय महिला किसान वर्ष 2026 अवधि आयोजित गरिंदै छ। आयोजनमा बिस्वभरीका वैज्ञानिकहरु, नीति निर्माताहरु, उद्योगपतिहरु, उद्यमिहरु, विकास पेशेवरहरु, महिला किसानहरु, स्टार्टअप्स अनि छात्रहरु सहित 700 भन्दा अधिक प्रतिनिधिहरुले भाग लिने आशा गरिएको छ।

**पीएम-किसान**

प्रधानमंत्री नरेन्द्र मोदी यसै महिनाको 13 तारीख असमको गुवाहाटीबाट प्रधानमंत्री किसान सम्मान निधि योजनाको 22औं किस्ता जारी गर्नुहुनेछ। कृषि एवं किसान कल्याण मंत्रालयले भनेको छ-यो किस्ता अन्तर्गत देशभरीको 9 करोड़ 32 लाख भन्दा अधिक किसान परिवारहरुको बैंक खाताहरुमा प्रत्यक्ष लाभ हस्तांतरण यानि डीबीटीको माध्यमबाट 18 हजार 640 करोड़ रुपियाँ भन्दा अधिक रकम सोझै हस्तांतरण गरिनेछ।कृषि तथा किसान कल्याण मंत्री शिवराज सिंह चौहानले सोशल मीडिया पोस्टको माध्यमबाट यो जानकारी साझा गर्नुहुँदै भन्नुभयो-22औं किस्ता जारी हुनका साथै यस योजना अन्तर्गत हस्तान्तरित कुल रकम 4 लाख 27 हजार करोड़ रुपियाँ भन्दा अधिक पुग्नेछ।उहाँले भन्नुभयो यो योजना प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा किसानहरुप्रति केंद्र सरकारको प्रतिबद्धतालाई दर्शाउंदछ।

**वैष्णव - प्रधानमंत्री ट्रेन**

प्रधानमंत्री नरेन्द्र मोदीले हिजो तमिलनाडुका लागि पांच नयाँ रेल सेवाहरुलाई हरियो झंडी दिखाएर प्रस्थान गराउनु भयो। जसमा दुइ अमृत भारत एक्सप्रेस, दुइ एक्सप्रेस ट्रेन अनि एक यात्री ट्रेन सामेल छ। रेल मंत्री अश्विनी वैष्णवले सोशल मीडिया पोस्टमा भन्नुभयो यसले रेल सेवाहरु संपर्क, पर्यटन, स्थानीय अर्थव्यवस्था अनि युवाहरुका लागि अवसरहरुलाई मजबूत गर्नेछ। शुरू गरिएको ट्रेनहरुमा, नागरकोइल-चारलापल्ली अमृत भारत एक्सप्रेस, पोदानूर-धनबाद अमृत भारत एक्सप्रेस, रामेश्वरम-मंगलुरु एक्सप्रेस, तिरुनेलवेली-मंगलुरु एक्सप्रेस अनि मयिलादुथुराई-तिरुवरूर-कराइकुड़ी ट्रेन रहेको छ।

**जयशंकर - जीन-नोएल बैरोट**

विदेश मंत्री एस जयशंकरले पश्चिम एशिया संकट माथि **फ्रांसका विदेश मंत्री जीन-नोएल बैरोटसित** बातचीत गर्नुभयो। सोशल मीडिया पोस्टमा जयशंकरले भन्नुभयो, पश्चिम एशिया संघर्षमाथि फ्रांसका विदेश मंत्री **जीन-नोएल बैरोटसित** विचारहरुको आदान-प्रदान उपयोगी रहयो अनि उहाँले यस चर्चालाई व्यक्तिगत रूपले जारी राख्ने आशा गर्नुभयो।

अर्कोतर्फ, फ्रांसका राष्ट्रपति इमैनुएल मैक्रोंले लेबनानमा मानिसहरुको विस्थापन माथि चिंता व्यक्त गर्नुभयो अनि हिजबुल्लाहसित हमला रोकने आह्वान गर्नुभयो। यसै बीच, नागरिक उड्डयन मंत्रालय पश्चिम एशिया क्षेत्रमा भइरहेको घटनाक्रम अनि त्यसले भारत तथा यस क्षेत्र बीच हवाई यात्रामा पर्ने संभावित प्रभावहरु माथि कडा नजर राखीएको छ।

**संसद**

लोकसभामा वित्त मंत्री निर्मला सीतारामनले वित्तीय वर्ष 2025-26 को सेवाहरुका लागि भारतको संचित निधिका केहि अतिरिक्त राशिहरुको भुगतान अनि विनियोगलाई अधिकृत गर्न **विनियोग विधेयक, 2026** पेश गर्नुहुनेछ। त्यसैगरी,

राज्यसभामा आज ग्रामीण विकास मंत्रालयको कामकाज माथिको चर्चालाई अघि बढाईने छ। हिजो, लोकसभामा विपक्ष द्वारा लोकसभा अध्यक्ष ओम बिरलालाई पदबाट हटाउने प्रस्तावलाई ध्वनिमतले खारिज गरेको छ। सदनमा भएको चर्चाको जवाब दिंदै, वरिष्ठ भाजपा नेता तथा गृह मंत्री अमित शाहले भन्नुभयो यो दुर्भाग्यपूर्ण छ कि विपक्षले अध्यक्षको निष्ठा माथि प्रश्न उठायो। उहाँले भन्नुभयो, लगभग चार दशकपछि लोकसभा अध्यक्ष बिरुद्ध अविश्वास प्रस्ताव ल्याइयो ,जो संसदीय राजनीति अनि सदन दुवैका लागि एक खेदजनक घटना हो। उहाँले भन्नुभयो अध्यक्ष कुनै राजनीतिक दलको होइन तर सम्पूर्ण सदनको हो। उहाँले अझ भन्नुभयो भाजपा र एनडीए ले कहिले पनि लोकसभा अध्यक्ष बिरुद्ध अविश्वास प्रस्ताव ल्याएको छैन, किनभने पार्टीको मान्यता छ कि अध्यक्षको सत्यनिष्ठा माथि कुनै संदेह हुनु हुँदैन।

**आईईए - तेल भंडार**

भारतले आपूर्तिमा वर्तमान बाधाहरु बीच अंतर्राष्ट्रीय ऊर्जा एजेंसीको आपातकालीन तेल भंडार जारी गर्ने फैसलाको स्वागत गरेको छ। पेट्रोलियम अनि प्राकृतिक गैस मंत्रालयले एक बयानमा भनेको छ, भारत अंतर्राष्ट्रीय ऊर्जा एजेंसीको सहयोगी सदस्य हो अनि अंतर्राष्ट्रीय ऊर्जा सहयोगमा सक्रिय भागीदार हो। मंत्रालयले भनेको छ भारतले वैश्विक ऊर्जा बाजारहरुको बद्लदो स्थिति, खासगरी मध्य पूर्वमा भइरहेको घटनाक्रममाथि लगातार नजर बनाई राखेको छ।

**संयुक्त राष्ट्र सुरक्षा परिषद प्रस्ताव - ईरान-इस्राएल संघर्ष**

संयुक्त राष्ट्र सुरक्षा परिषदले एक प्रस्ताव पारित गर्दै ईरानको तर्फबाट भइरहेको खाड़ी देशहरुमाथिको हमला तुरंत रोक्ने मांग गरेको छ। परिषद अनुसार यो हमलाले अंतरराष्ट्रीय कानूनको उल्लंघन गर्दछ अनि अंतरराष्ट्रीय शांति एवं सुरक्षाका लागि गंभीर खतरा हो। यस प्रस्ताव, 13 मतको समर्थनले पारित भयो, जबकि दुइ देशहरुले मतदानबाट दूरी बनाए राखे। कुनैपनि देशले यसको विरुद्ध मतदान गरेनन्। प्रस्तावमा ईरानद्वारा बहरीन, कुवैत, ओमान, कतर, सऊदी अरब, संयुक्त अरब अमीरात अनि जॉर्डन माथि गरिंदै आएको हमलालाई तुरंत बंद गर्ने मांग गरिएको छ।

त्यही, रूस अनि चीनले प्रस्तावको आलोचना गर्दै भनेको छ यसमा ईरान माथि भएको अमरीकी-इस्राएली हमलाको उल्लेख

गरिएको छैन। यस बीच, ईरानको रिवोल्यूशनरी गार्डले विश्वका लागि महत्वपूर्ण समुद्री मार्ग होर्मुज जलडमरूमध्यमाथि नियंत्रण गरेको छ, जहांबाट विश्वको लगभग 20 प्रतिशत तेल र गैस आपूर्ति गुज्रन्दछ। यस युद्धका कारण काचो तेल अनि एलएनजी को मूल्य बढेको छ जसले विश्वभरी उपभोक्ताहरु अनि व्यापारमा असर परेको छ।

## पश्चिम एशिया- संयुक्त सचिव

भारतमा खाना पकाउने गैस अर्थात् एलपीजीको घरेलू उत्पादनमा लगभग 25 प्रतिशत वृद्धि भएको छ। यो बढ़ोतरी सरकार द्वारा घरेलू उपभोक्ताहरुका लागि आपूर्ति बढ़ाउन उठाइएको कदम पछि भएको हो। नया  दिल्लीमा हिजो पश्चिम एशियाको वर्तमान स्थिति माथि आयोजित अंतर-मंत्रालय ब्रीफिंगमा संयुक्त सचिव सुश्री सुजाता शर्माले भन्नुभयो, 8 मार्च 2026 मा सरकारले एक आदेश जारी गरेको थियो। यस आदेशमा रिफाइनरिहरु अनि पेट्रोकेमिकल परिसरहरुलाई प्रोपेन, ब्यूटेन, प्रोपिलीन, ब्यूटीन्स जस्ता गैसहरुले एलपीजी उत्पादन बढ़ाउने निर्देश दिएको थियो।

## पश्चिम एशिया संघर्ष

पश्चिम एशियामा तनाव तेजीका साथ बढिरहेको छ। ईरानले फारसको खाड़ीमा व्यवसायिक जहाजहरुलाई निशाना बनाएको छ भने संयुक्त अरब अमीरातमा विमानन ढाँचामा पनि हमला गर्ने प्रयास गरेको छ। अबू धाबी प्रशासन अनुसार, पुरानो अबू धाबी हवाई अड्डा नजिक आगो लागेको थियो,जसलाई तत्काल नियन्त्रणमा लिइएको थियो।यस अघि हिजो दुबई अंतरराष्ट्रीय हवाई अड्डामा ड्रोन हमलामा एक भारतीय नागरिक सहित 4 लोग घाइते भएका थिए।

ईरानको रिवोल्यूशनरी गार्ड कर्प्सले भनेको छ-उसको नौसेनाले होर्मुज जलडमरूमध्यमा दुईवटा जहाजहरुमा गोलीबारी गरेको छ र जहाजलाई कब्जामा लिएको छ।कप्सले दावी गरेको छ जहाजहरुले चेतावनीलाई अमान्य गर्‍यो|रिवोल्यूशनरी गार्ड कर्प्सले चेतावनी दिएको छ  एउटा ईरानी बैंकमा कथित हमलाको जवाबमा अमेरीका अनि इस्राएलसित जोडिएका आर्थिक केंद्र र बैंकहरुलाई निशाना बनाउन सकेन छ।

## बीसीसीआई-आईपीएल 2026

**भारतीय क्रिकेट कंट्रोल बोर्ड-बीसीसीआई**ले इंडियन प्रीमियर लीग- आईपीएल 2026 को पहिलो चरणको कार्यक्रम घोषित गरेको छ, जो 28 मार्च देखि 12 अप्रैल 2026 सम्म खेलिने छ। यस अवधि तीन राज्यहरुमा विधानसभा चुनाव हुनु छ, यसै कारण चुनाव तिथिहरु घोषित भएपछि मात्रै टूर्नामेंटको पूर्ण सुची जारी गरिनेछ।